“बालश्रम रहित सार्वजनिक यातायात, हाम्रो प्रतिवद्धता”

**सरकारी, गैरसरकारी, यातायात ब्यवसायी, सञ्चालक क्षेत्रको साझा प्रयास**

**सार्वजनिक यातायातलाई बालश्रम रहित बनाउने अभियानमा जुटौं ।**

**आदरणीय सार्वजनिक यातायात व्यवसायी, चालक–परिचालक तथा यात्रु महानुभावहरू,**

सार्वजनिक यातायातमा बालबालिकालाई श्रममा लगाउनु कानूनी रूपमा अपराध हो । नेपालको संविधान, बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ले बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन नहुने र लगाएमा दण्डित हुने स्पष्ट व्यवस्था गरेको छ । यातायात क्षेत्रलाई जोखिमपूर्ण श्रम क्षेत्रको रूपमा मानिएको छ । विद्यमान कानून र व्यवस्थालाई मध्य नजर गरी बागमती श्रम कार्यालयले बालबालिकासंग क्रियाशील सरकारी निकायहरू, यातायात व्यवशायीहरू तथा बालबालिकासंग क्रियाशील संघसंस्थाहरूको सहकार्यमा निकृष्ट तथा जोखिमपूर्ण श्रम क्षेत्रको रूपमा रहेको सार्वजनिक यातायातलाई बालश्रम रहित क्षेत्र बनाउन व्यापक संचेतना अभियान सञ्चालन गरिरहेको छ ।

हाल यो अभियान काठमाडौं उपत्यकामा सञ्चालित सार्वजनिक यातायातहरू – बस, मिनिबस, माइक्रोबस, टेम्पो, ढुवानीका साधन लगायतका सार्वजनिक सवारीलाई केन्द्रीत गरी सञ्चालन भइरहेको छ र क्रमिक रूपमा अन्य स्थानमा पनि बिस्तार गरिनेछ । तपाईंले सञ्चालन गर्नु भएको सार्वजनिक सवारीमा कुनै पनि बालबालिकालाई श्रममा नराख्न, श्रममा नराख्ने प्रतिवद्धता जाहेर गर्न र सार्वजनिक यातायातलाई बालश्रम रहित बनाउने यस अभियानलाई सघाउन अनुरोध गर्दछौं । कुनै पनि बालबालिका कामको खोजी गर्दै आएमा वा कुनै बालबालिका अलपत्र सडमा फेला परेमा वा तपाईं सवार सार्वजनिक यातायातमा कुनै पनि बालबालिका श्रमिकको रूपमा काम गरेको पाउनु भएमा सहयोगको निम्ति **बालबालिका खोजतलास समन्वय केन्द्र**को पैसा नलाग्ने **फोन १०४** वा **बाल हेल्पलाइन**को पैसा नलाग्ने **फोन १०९८** (दश नौ आठ) मा सम्पर्क गरी सहयोग गरिदिनुहुन सम्बन्धित सबै यातायात व्यवसायी, चालक तथा परिचालक एवंम् यात्रु महानुभावहरूमा हार्दिक अनुरोध गर्दछौँ ।

## के तपाईलाई थाहा छ ?

### "नेपालको संविधान" को मौलिक हक सम्बन्धी व्यवस्था

✓ नेपालको संविधानको मौलिक हकको **बालबालिकाको हकको धारा ३९** को उपधारा (४) ले कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य कुनै पनि जोखिमपूर्ण काममा लगाएमा दण्ड सँजाय हुने कुरा उल्लेख गरेको छ ।

### "बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६" मा भएको कानूनी व्यवस्था

✓ कसैले पनि १६ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई सार्वजनिक परिवहन लगायतका वा निकृष्ट तथा जोखिमपूर्ण व्यवसाय वा काममा लगाउन हुँदैन ।

✓ कसैले पनि बालबालिकालाई ललाई, फकाई या झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दवाबमा पारी वा अन्य कुनै तरिकाले निजको ईच्छा विरुद्ध श्रमिकको रुपमा काममा लगाउनु हुँदैन ।

✓ बालबालिकालाई श्रमिकको रुपमा काममा लगाएमा - **एक वर्षसम्म कैद** वा रु **५०,०००।- (पचास हजार) जरिवाना** वा **दुबै सजायँ** हुनेछ ।

### "सवारी तथा यातायात व्यवस्था ऐन, २०४९"

**परिच्छेद-५ - परिचालक अनुमतिपत्र सम्बन्धी व्यवस्था**

६३. **अनुमति पत्र नलिई परिचालकको काम गर्न नहुने** : कुनैपनि व्यक्तिले परिचालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीमा परिचालकको काम गर्नु हुँदैन ।

६४. **परिचालकको काममा लगाउन नहुने** : परिचालक अनुमतिपत्र प्राप्त नगरेको कुनै पनि व्यक्तिलाई सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले परिचालकको काममा लगाउन हुँदैन ।

६५. **परिचालकको लागि अयोग्यता** : देहायको व्यक्ति परिचालक अनुमतिपत्र प्राप्त गर्न अयोग्य हुनेछः-

(क) **अठार वर्ष उमेर नपुगेको,**

(ख) साधारण लेखपढ गर्न नजान्ने,

(ग) निरोगिताको प्रमाणपत्र पेश गर्न नसक्ने ।

यस अभियानमा खटिएका कर्मचारी, प्रहरी, यातायात व्यवसायी, संघ-संस्थाका प्रतिनिधि तथा तथा स्वयंमूसेवकहरु तपाईको सवारीसाधनमा आएर बालश्रम विरुद्ध संचेतनाता अभियान सञ्चालन गरिरहनु भएको छ । यस कार्यमा तपाईको प्रतिवद्धता, सहभागिता र सहयोग गरिदिनुहुन सम्पूर्ण यातायात व्यवसायी, यातायात सञ्चालकहरुमा हार्दिक अनुरोध छ ।

**नेपाल सरकार**
**श्रम तथा रोजगार मन्त्रालय**
**र**
**केन्द्रीय बालकल्याण समिति**